# ध्रुव नाटकमा प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्व

**पशुपति नेउपाने**
उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, ललितपुर
pashupatiuss@gmail.com

## सार

*प्रस्तुत अध्ययनमा बालकृष्ण समको पौराणिक कथावस्तुमा आधारित 'ध्रुव' नाटकमा प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्वको अवस्था ठम्याइएको छ । एन्टोनियो ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणाका आधारमा 'ध्रुव' नाटकका चरित्रहरूलाई केलाई अहिंसात्मक किसिमले सहमतीय आधारमा तिनमा भएको न्यायिक परिवर्तनलाई यस आलेखले आफ्नो अध्ययनको विषय बनाएको छ । उक्त नाटकका नायक ध्रुवले दमित र अपहेलित अवस्थाबाट मुक्ति पाउन केकस्तो प्रतिरोध एवं पराभौतिक अभ्यास गरी प्रभुत्वशाली अवस्थामा पुगेर आफ्नो उद्देश्यमा सफल भए भन्ने कुरा देखाउनु यस आलेखको उद्देश्य हो । कसैलाई क्षति नपुऱ्याई सत्यनिष्ठ भएर वैयक्तिक प्रयास र आध्यात्मिक साधनाबाट शक्ति आर्जन गर्न सकिन्छ र उत्पीडित स्थितिबाट प्रभुत्वशाली अवस्थामा पुग्न सकिन्छ भन्नु यस नाटकको प्राप्ति हो । पौराणिक कथावस्तु भए पनि आधुनिक सिद्धान्तका सापेक्षतामा हेर्दा अहिंसा, शान्ति, सत्यनिष्ठा, शिष्ट विद्रोह र निरन्तर प्रयासले पनि शक्ति आर्जन गर्न सकिन्छ भन्ने कुरा जे जसरी देखाइएको छ, त्यो वर्तमान समाजका लागि समेत मार्गदर्शक छ भन्नु 'ध्रुव' नाटकको निष्कर्ष हो र सोही निष्कर्षको पुष्टि यस आलेखमा गरिएको छ । यसमा गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषण विधिको अवलम्बन गरी सामग्री-विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी :** दमन, बुद्धिजीवी, सत्यनिष्ठ, सहमति, सीमान्तीकृत

## १. विषयपरिचय

प्रस्तुत अध्ययनमा बालकृष्ण समले रचेको *ध्रुव* नाटकमा प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्वको अध्ययन गरिएको छ । ध्रुव उनको पौराणिक कथावस्तुमा आधारित नाटक हो । यसमा *श्रीमद्भागवत्*को चौथो स्कन्धको आठौँ अध्यायदेखि १२ औँ अध्यायसम्म र विष्णुपुराणको पहिलो अंशको ११ अध्यायदेखि १२ अध्यायसम्म वर्णित बालक ध्रुवको चरित्रलाई विषयवस्तुका रूपमा चयन गरिएको छ । सुरुमा दमित, अपहेलित, निमुखो एवं सीमान्तीकृत चरित्र ध्रुवले कसरी प्रतिरोध गरी आध्यात्मिक साधनाको बलमा प्रभुत्व प्राप्त गऱ्यो भन्ने विचार यसमा प्रस्तुत गरिएको छ । प्रभुत्व भनेको राज्यसंरचना वा ठुला वर्गले अन्य वर्ग र समूहमाथि राख्ने दबदबा अथवा विचारधारात्मक नियन्त्रण हो । प्रतिरोध भनेको स्थापित शक्तिसंरचना, प्रमुख विचारधारा वा दमनकारी राज्यशक्तिका विरुद्धमा पीडित, दलित, दमित र अपहेलित वर्गले दिने चुनौती अथवा तिनका कानुनको अवज्ञा हो । प्रतिप्रभुत्व भनेको विचारधाराको निर्माण वा अन्य विकल्पका साथ दमनकारी राज्यप्रणालीलाई चुनौती दिई रूपान्तरण गर्न र थप न्यायपूर्ण समाजको सिर्जना गर्नका लागि सामूहिक रूपमा निरन्तर प्रयास गर्ने समाजको वैकल्पिक नैतिक शक्ति वा विचार हो । यस नाटकमा ध्रुवले समाजमा सङ्घर्ष गरेर प्रतिप्रभुत्वको विचार स्थापना गरेको छैन बरु उसले अपमान र अपहेलनाप्रति विद्रोहको भावनाका साथ आध्यात्मिक साधनाका माध्यमबाट पुनः प्रभुत्व र सम्मान स्थापित गरेको छ, विरोधी चरित्रलाई पनि वशमा पारेको छ ।

सुरुमा पतिलाई वशमा पारेर ढलिमली गरेकी कान्छी रानी सुरुचि अन्ततः ध्रुवका अगाडि नतमस्तक भएको कुरा यस नाटकमा देखाइएको छ । सांस्कृतिक अध्ययन र त्यसमा पनि ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणाका आधारमा मूलतः ध्रुवको चरित्रलाई हेर्नु यस अध्ययनको उद्देश्य हो । बालकृष्ण समले पुराणप्रसिद्ध कथावस्तुमा कल्पनाप्रसूत घटना र युगसन्दर्भलाई समेत समावेश गरी रचना गरेको यस नाटकमा प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्वको स्थिति हेरी यसका नायक ध्रुवले प्राप्त गरेको सफलतालाई यसमा वर्तमान समाज र राजनीतिक नैतिकतासित पनि जोडिएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार सांस्कृतिक अध्ययन र त्यसमा पनि एन्टोनियो ग्राम्सीको प्रभुत्वसम्बन्धी विचारधारा रहेको छ। यसका लागि *ध्रुव* नाटकको सूक्ष्म पठन गरी आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन गरिएको छ। कतिपय अध्ययन सामग्रीहरू इन्टरनेट तथा विद्युतीय पुस्तकालयबाट समेत प्राप्त गरिएको छ । यसमा विशेषतः एन्टोनियो ग्राम्सीको प्रभुत्वको अवधारणालाई उपयोग गरी गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषणको ढाँचामा नाटकका सारभूत कुरालाई टिपेर तिनको व्याख्याविश्लेषण गरिएको छ ।

इतिहासकार तथा समाजशास्त्री एन्टोनियो ग्राम्सी समाजवादी विद्रोहका विवेचक हुन् । इटलीमा फाँसीवादको उदय हुँदा सन् १९२६ को नोभेम्बरमा बन्दी बनाइएका (Bates, 1975, p. 351) ग्राम्सीले जेलमा लगभग तीन हजार पृष्ठमा तिसवटा प्रिजन नोटबुक लेखे र यसको नाम *द मोडर्न प्रिन्स यान्ड अदर राइटिङ्स* राखे जसमा उनका सम्पूर्ण विचारहरू सङ्गृहीत छन् । खास गरी उनले पुँजीवादी राज्यमा साम्यवादी क्रान्तिलाई बल पुऱ्याए । मार्क्सवादले समाजमा दुई वर्ग छन् भन्ने धारणा राख्छ । एउटा वर्ग उत्पादनका साधनको मालिक हुन्छ भने अर्को वर्ग श्रम गर्ने श्रमिक हुन्छ । पहिलो वर्गले श्रमशक्ति राख्ने दोस्रो वर्गको शोषण गर्छ। अझ भन्नुपर्दा यसले राज्यलाई अर्काको रगत चुसेर बाँच्ने एक परजीवी संस्था मान्छ । मार्क्सवादका अनुसार पुँजीवादी राज्यले पुँजीपति वर्गको हितलाई वैधता प्रदान गर्दछ (Bates, 1975, p. 351) । यसले समाजमा शोषणकारी प्रक्रियालाई मद्दत दिन्छ किनभने पुँजीपतिसँग आर्थिक शक्ति हुन्छ । उत्पादनका साधनको स्वामित्वले सत्तासीन दललाई सत्तामा अधिकार स्थापित गर्न योग्य बनाउँछ। ग्राम्सीले मार्क्सका यी विचारहरूको विरोध गरे र शासक वर्गसँग आधिपत्य स्थापित गर्ने अनेक तरिका हुन्छन् भन्दै उसले बल प्रयोग गर्न सक्छ वा आर्थिक शक्ति उपयोग गर्न सक्छ (Kumar, 2020) भन्ने तर्क राखे । बलप्रयोगका मार्फत मात्र नभएर नागरिक अभव्यक्तिद्वारा, छापा र सञ्चार मार्फत बल प्रयोग नगरेर पनि नागरिकको सहमति बटुल्ने लगायत सहमतिका विविध उपाय अपनाएर शक्तिशाली समूहले सबाल्टर्न वर्गमाथि प्रभुत्व कायम गर्छ (श्रेष्ठ, २०६८, पृ. ४०) । पुँजीवादी वर्गले आफ्नो प्रभुत्व जमाउन केवल उत्पीडनकारी तत्त्व नै उपयोग गर्नुपर्छ भन्ने छैन, उससँग गैरउत्पीडनकारी अनेक तरिका हुन्छन् भन्ने तर्क ग्राम्सीको रह्यो । त्यसै कारण उनले योग्यता र सहमति जस्ता दुईवटा गैरउत्पीडनकारी तरिका उल्लेख गरेका छन् । शासक वर्गले जहिले पनि आफ्नो योग्यताद्वारा जनसाधारणका मनमस्तिष्कमा आफ्ना मूल्यको स्थान बनाउँछ। यसबाट आफ्ना मूल्य वा विश्वास ती मानिसमा आरोपित गर्न सकिन्छ। शासक वर्ग सामाजीकरणका विभिन्न तरिकाको सहायताले शासितप्रति आफ्ना धारणा थोपर्ने प्रयास गर्छ। यस प्रकार शासकको शासनशक्तिको आधार संस्कृति हुने गर्छ। शासक वर्ग समाजमा आफ्नो स्थिति बलियो बनाउन अन्य वर्गसँग वार्ता, सहमति वा सम्झौता गर्छ। यस अर्थमा शासक वर्ग प्रायः आफ्नो वर्गीय हितको सङ्कीर्ण परिधिमा सीमित हुँदैन । उसले ऐतिहासिक गुट निर्माण गर्छ र शासित वर्गमाथि शासन गर्ने सहमति प्राप्त गर्छ (Kumar, 2020) । मार्क्सवादी मतअनुसार पुँजीपति वर्गमा उत्पादनका साधनको स्वामित्व हुन्छ र यही नै उसको शासन गर्ने शक्तिको आधार हुन्छ तर ग्राम्सी यसको खण्डन

गर्छन् अनि आर्थिकका अतिरिक्त सांस्कृतिक योग्यता एवं ऐतिहासिक गुट बनाएर शासन गर्छ भन्छन् । उनी ऐतिहासिक गुट बनाएर नै सर्वहारा वर्गसँग सम्झौता गरी पुँजीवादी शासन व्यवस्था हटाउने समर्थन प्राप्त गर्न सकिन्छ भन्ने तर्क पनि राख्छन् । अतः यस आलेखको उद्देश्यअनुरूप यहाँ प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्वबारेका सैद्धान्तिक स्थापनालाई अझ प्रस्ट पारिएको छ ।

## २.१ प्रभुत्व

'प्रभुत्व' (hegemony) शब्दको प्रथम प्रयोग मार्क्सवादीहरू र तिनमा पनि विशेष गरी भ्लादिमिर लेनिनले गरेका हुन् । यसको व्युत्पत्ति egemon बाट भएको (बराल, २०७३, पृ. १००) हो, जसको अर्थ नेतृत्व अथवा शासन हुन्छ । यसको तात्पर्य भनेको एक वर्गले अर्को वर्गमाथि गर्ने शासन हो, अल्पसङ्ख्यक शासकले बहुसङ्ख्यक शासितमाथि जमाउने हक वा अधिकार हो । प्रभुत्व भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो, जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्ने शक्ति/सत्ता कायम गर्छ । कृष्ण गौतमका शब्दमा "हैकम भनेको राजनीतिक, बौद्धिक र नैतिक नेतृत्व हो, जो प्रभुत्वशाली वर्गले लिएको हुन्छ र आफ्नो र अन्य समुदायको स्वार्थलाई अनुकूलित पार्छ । यो दमनबाट भन्दा ज्यादा सम्मतिबाट बनाइने अस्त्र हो" (गौतम, २०७५, पृ. ४३) । ग्राम्सीले शासक, पुँजीपति वर्ग, बुर्जुवा वर्गले आफ्नो नियन्त्रण कसरी स्थापित र व्यवस्थित गर्छन् भनेर विशेष ढङ्गले व्याख्या गर्ने काम गरेका छन् । उनका अनुसार शासक वर्गले मूल्यपद्धतिलाई चलाखीपूर्ण ढङ्गले व्यवस्थित गरिदिन्छन् अनि त्यो सर्वमान्य बन्छ र त्यसैका आधारमा शासन गरिन्छ (Kumar, 2020) । शासकले प्रभुत्व कायम राख्न बलको मात्र प्रयोग गर्दैन, नागरिक अभिव्यक्ति र सञ्चारमार्फत पनि नागरिकको सहमति बटुल्ने काम गर्छ । ग्राम्सीले विचारधारात्मक नियन्त्रणलाई प्रभुत्वको मुख्य हतियार मानेका छन् ।

ग्राम्सीले सांस्कृतिक प्रभुत्वको पनि व्यापक चर्चा गरेका छन् । उनका अनुसार ठुलो सांस्कृतिक समूहले सानो सांस्कृतिक समूहमाथि दबदबा राख्ने प्रक्रिया नै सांस्कृतिक प्रभुत्व हो (Kumar, 2020) । यसमा ठूलाले सानालाई शोषण गर्छ र यो खत्तम होस् भन्ने चाहन्छ, उसकै विचार, मान्यता मानोस्, उसकै किताब पढोस् भन्ने चाहना राख्छ । ठुलो सांस्कृतिक समूह सत्तासँग जोडिएको हुन्छ । मार्क्सवादीहरू ठुलो वर्गले बल प्रयोग गरेर सानो वर्गमाथि शोषण गर्छ भन्छन् तर ग्राम्सी बल प्रयोग गरेर मात्र होइन; किताब, कानुन आदि परिवर्तन गरेर, बुद्धिजीवीलाई प्रभावमा पारेर पनि शासन र शोषण हुन्छ अनि सानो संस्कृतिले ठुलो संस्कृतिलाई मान्नै पर्ने अवस्था सिर्जना गर्छ भन्छन् । ग्राम्सीका विचारमा शासक वर्गले समाजका बुद्धिजीवी वर्गको सहायताबाट नै आफ्नो प्रभुत्व कायम गर्छ । बुद्धिजीवी वर्गले समाजमा क्रान्ति ल्याउनका लागि पनि योगदान दिन्छ । खास गरी साहित्यकार, कलाकार र दार्शनिकबाट सामान्यतः बुद्धिजीवी भनेर चिनिने परम्परागत बुद्धिजीवीको निर्माण हुन्छ अनि पत्रकारले पनि बेलाबखत आफूहरू साहित्यकार, दार्शनिक र कलाकार भएको र खासमा असली बुद्धिजीवी भएको दाबी गर्छन् (ग्राम्सी, २०७२, पृ. १२८) । यो वर्ग चिन्तनशील हुन्छ । यसले बललाई होइन, चिन्तन एवं विचारलाई शक्ति मान्छ । यही विचार समाजमा क्रान्तिकारी परिवर्तनको कारण बन्छ । ग्राम्सीका विचारमा बुद्धिजीवी पनि परम्परागत र जैविक गरी दुई प्रकारका छन् । परम्परागत बुद्धिजीवीले आफूलाई स्वतन्त्र ठान्छन् किनभने उनीहरू समाजका कुनै वर्गसँग पनि सम्बन्धित हुँदैनन् र उनीहरूको भूमिका प्रायः तटस्थ हुन्छ । यस वर्गका बुद्धिजीवीले रूढिवादी विचारको प्रचार गर्छन् वा यिनले विचार उत्पन्न गर्छन् र दोस्रो स्तरका बुद्धिजीवी, अध्यापक, पत्रकार, राजनीतिक दलका कार्यकर्तालाई हस्तान्तरण गर्छन्

(Kumar, 2020) । परम्परागत बुद्धिजीवी पनि सिर्जनात्मक र धार्मिक गरी दुई प्रकारका छन् । सिर्जनात्मक बुद्धिजीवीमा कलाकार र विद्वान् पर्छन् भने धार्मिक बुद्धिजीवीमा धर्मगुरुहरू पर्छन् ।

ग्राम्सीका विचारमा जैविक बुद्धिजीवी पनि समाजको कुनै खास वर्ग वा समूहभित्रबाटै जन्मन्छन् र तिनले त्यही वर्ग वा समूहको रुचि वा चाहनालाई बढावा दिन आफ्नो बौद्धिकताको उपयोग गर्छन् । उनको धारणाअनुसार जैविक बुद्धिजीवीलाई पनि दुई वर्गमा बाँड्न सकिन्छ : शासक वर्गसँग जोडिएका बुद्धिजीवी र साधारण वर्गसँग जोडिएका बुद्धिजीवी (Kumar, 2020) । शासक वर्गसँग जोडिएका बुद्धिजीवीले शासकलाई समर्थन गर्ने व्यवहार देखाउँछन् जसले शासक वर्गलाई शासन गर्न वैधता प्रदान गर्ने विचार बल दिन्छन् । यिनीहरूको उद्देश्य शासक वर्गसँग जोडिनु र शासन टिकाउनु रहेको हुन्छ । आममानिसले बुद्धिजीवीका कुरा मान्ने भएकाले यिनले जनतालाई भ्रममा पारेर शासकलाई सहयोग गर्ने सम्पर्कसेतुको काम गर्छन् । जनसाधाराणसँग जोडिएका बुद्धिजीवीले चाहिँ समाजमा क्रान्तिकारी परिवर्तन ल्याउने काम गर्छन् किनभने यिनीहरू क्रान्तिकारी परिवर्तनमा भाग लिन्छन् । सर्वहारा वर्गबाट नै प्रायः जैविक वर्गका बुद्धिजीवीको उदय हुन्छ र यही वर्गका बुद्धिजीवीबाट समाजमा क्रान्ति सम्भव हुन्छ ।

## २.२ प्रतिरोध

ग्राम्सीले सामाजिक-राजनीतिक सन्दर्भमा स्थापित शक्तिसंरचना, प्रमुख विचारधारा वा दमनकारी राज्यशक्तिका विरुद्धमा पीडित, दलित, दमित र अपहेलित वर्गले दिने चुनौतीलाई प्रतिरोध (resistance) मानेका छन् । उनका अनुसार विभेदकारी शक्तिकेन्द्र अथवा राज्यसत्ताका विरुद्ध आफ्नो हक र अधिकारका लागि जागरुक भई आवाज उठाउने कार्य यसमा हुन्छ । सीमान्त वर्गले शक्तिकेन्द्र वा प्रभुत्वशाली वर्गसँग आफ्नो हकअधिकार प्राप्तिका लागि र आफूमाथि भएका अन्याय, अत्याचार, विभेद आदिका विरोधमा उभिन आवाज उठाउनु नै प्रतिरोधी चेतना हो । यो सामाजिक परिवर्तन, न्याय वा स्वतन्त्रताको खोजीमा निश्चित नियम, मापदण्ड, अधिकार आदिको पालना नगरी तिनको जानाजानी अस्वीकार गर्ने अनि दमित, अपहेलित, दलित वा पिछडा वर्गले आफ्नो अस्तित्त्व वा पहिचानका लागि शक्तिकेन्द्रका विरुद्ध लड्ने इच्छाशक्ति पनि हो । यो उत्पीडित वा सीमान्तीकृत समूहको गुनासो वा निराशाबाट उत्पन्न हुन्छ, जसमा अधिकार र परिवर्तनको माग अन्तर्निहित रहेको हुन्छ । प्रतिरोधी कार्यकलापमा सङ्घसङ्गठन निर्माण, शान्तिपूर्ण विरोध, नागरिक अवज्ञा, अहिंसात्मक प्रतिरोध, जुलुस, हडताल, टकराव र सङ्घर्षका कार्यहरू पनि पर्न सक्छन् । सांस्कृतिक प्रतिरोधचाहिँ कला, सङ्गीत, साहित्य, वैकल्पिक सञ्चारसहितका अनेक सांस्कृतिक रूपहरूमा पनि प्रकट हुन सक्छ ।  कतिपय स्थितिमा सीमान्तीकृतहरूले आफ्नो आवाज उठाउन सक्तैनन् र हेपिनु, दबिनु, थिचिनुलाई आफ्नो भाग्यको खेल ठान्छन् । ग्राम्सीका विचारमा उनीहरू विद्रोही देखिएका बेलामा पनि प्रभुत्वशाली वर्गका अगाडि अधीनस्थ भइरहेका हुन्छन् । उनीहरूमा प्रतिरोधी चेतना त हुन्छ तर प्रतिरोध गर्ने साहस हुँदैन । यस्तो अवस्थामा परिवर्तन पनि सम्भव हुँदैन । अतः प्रतिप्रभुत्वका लागि प्रतिरोध आवश्यक छ, भन्ने कुरा ग्राम्सीले उठाएका छन् । *ध्रुव* नाटकमा ध्रुव र दमनले सुरुचिको प्रभुत्ववादी व्यवहारको पूर्णप्रतिरोध गरेका छन् ।

## २.३ प्रतिप्रभुत्व

'प्रतिप्रभुत्व' (counter-hegemony) भनेको दमनकारी राज्यप्रणालीलाई चुनौती दिई रूपान्तरण गर्न र थप न्यायपूर्ण समाज सिर्जना गर्नका लागि सामूहिक रूपमा निरन्तर प्रयास गर्ने समाजको वैकल्पिक नैतिक विचार हो । यसले प्रभुत्वशालीलाई शक्तिसंरचनाबाट मुक्त गर्ने सम्भावना राख्छ (Carroll, 2006, p. 19) । प्रतिप्रभुत्वले गहन

परिवर्तनको सङ्केत गर्छ र यसको सुरुवात प्रभुत्वशाली समूहका एजेन्डाको विरोधबाट हुन्छ (Carroll, 2006, p. 20) सामाजिक-राजनीतिक सन्दर्भमा प्रतिप्रभुत्वको तात्पर्य वैकल्पिक सङ्कथन, विचार एवम् सांस्कृतिक अनुशासन सिर्जना गरी सम्भावित न्यायोचित र समावेशी विकल्पका साथ वर्तमान शक्तिसंरचनालाई चुनौती दिँदै त्यसलाई अवरुद्ध पार्नु वा विघटन गर्नु भन्ने हुन्छ । यसको मुख्य ध्येय प्रभुत्वलाई चुनौती दिँदै सामूहिक प्रतिरोध निर्माणमा सीमान्तीकृत र उत्पीडित समूहहरूबिच एकता बढाई तिनीहरूको रुचिअनुसार काम गर्नु हुन्छ । ग्राम्सीले यसलाई समाजको प्रतिपक्षी शक्तिका रूपमा लिएका छन् र समाजका श्रमिक एवं दमित वर्गमा क्रान्तिकारी सचेतना फैलाउन यसको आवश्यकता रहेको बताएका छन् । प्रतिप्रभुत्ववादी शक्तिले विरोध, हडताल अथवा अन्य तरिकाले सिधै शक्तिसंरचनाको सामना गरी त्यसलाई कमजोर बनाउने काम गर्छ । प्रभुत्वले समाजमा जरा गाडेको छ भने त्यसलाई हल्लाउन पनि प्रतिप्रभुत्वको आवश्यकता पर्छ अनि यसले एक पाउमा राज्यको केन्द्रीय मुद्दा र अर्को पाउमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नागरिक समाजको मुद्दा लिएर हिँड्नु आवश्यक छ (Carroll, 2006, p. 9) । ग्राम्सीले निजी संरचना जस्तै स्कुल, चर्च, क्लब, पत्रपत्रिका, दलका कार्यकर्ता आदिबाट नागरिक समाज र सरकार, अदालत, पुलिस, सेना आदि संरचनाबाट राजनीतिक समाज बनेको हुन्छ भन्दै नागरिक समाजलाई विचारको त्यो बजार हो, जहाँ बौद्धिकहरू विक्रेताको रूपमा छिर्छन् (Bates, 1975, p. 353) भनी चर्चा गरेका छन् । प्रभुत्व प्रतिरोधी नागरिक समाजले प्रतिप्रभुत्वलाई समर्थन गरिरहेको हुन्छ । *ध्रुव* नाटकका सन्दर्भमा दबाइएका, हेपिएका एवं किनारा लगाएर लखेटिएका सुनीति र ध्रुव दरबारमा पुनः स्थापित हुनु र सहमतिमा शासनभार लिई सबैलाई समेटेर चलाउनु एउटा क्रान्तिकारी रूपान्तरण अथवा परिवर्तन हो । प्रस्तुत अध्ययनले यिनै सैद्धान्तिक मान्यताका आधारमा *ध्रुव* नाटकमा प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्वको स्थिति हेर्ने र विश्लेषण गर्ने काम गरेको छ ।

## ३. ध्रुव नाटकमा प्रभुत्व, प्रतिरोध र प्रतिप्रभुत्व

प्रस्तुत लेखमा *ध्रुव* नाटकभित्रका घटनाक्रमलाई तीन खण्डमा विभाजन गरेर अध्ययन गरिएको छ । यस नाटकका प्रमुख घटनामध्ये प्रारम्भमै ध्रुव र सुनीति दरबारबाट निकालिनुलाई सुरुचिको वर्चस्व मानिएको छ । ध्रुवले बाबुको काखको हक माग्दा सुरुचिले गरेको व्यवहारप्रति ध्रुवले विद्रोह गर्नु, पितालाई नै सुरुचिका डरले केही गर्न नसक्ने भन्नु अनि दमनले पनि सुरुचिको आज्ञा सिधै उल्लङ्घन गर्नु जस्ता घटनालाई प्रतिरोध अनि अलौकिक शक्तिका सहायताले अहिंसात्मक ढङ्गबाट ध्रुव सहमतिमा दरबार फर्कनु र राज्य प्राप्त गर्नुलाई चाहिँ प्रतिप्रभुत्वको रूपमा व्याख्या गरिएको छ ।

### ३.१ ध्रुव नाटकमा प्रभुत्व

'प्रभुत्व' भनेको हैकम, वर्चस्व, एकाधिकार वा अरूलाई आफ्नो अधीनमा राख्ने क्षमता हो । *ध्रुव* नाटकमा राजा उत्तानपाद, जेठी रानी सुनीति, कान्छी रानी सुरुचि, सुनीतिका छोरा ध्रुव, सुरुचिका छोरा उत्तम, मन्त्री दमन, अलौकिक चरित्र नारद र नाराण, दरबारका दासी कङ्का र तोषा, दमनका सहायक मन्त्री नन्दन, दरबारका कर्मचारी तथा पुरवासी जस्ता चरित्रहरू छन् । यसमा पौराणिक पुरुषप्रधान समाज छ । हिन्दू समाजमा परापूर्व कालदेखि नै पुरुषको वर्चस्व देखिन्छ । यस कुरालाई सुरुचिको यस भनाइले पुष्टि गर्छ, "जस्तो राजाले कुनीतिले सुनीतिलाई छोडे, अर्की सुवासिनीको रुचि भयो भने यो सुरुचिलाई छोड्न के बेर ! शक्तिशाली पुरुषको इच्छालाई शक्तिको मदद हुन्छ । जे गर्न खोज्दछन् त्यो पहिल्यै गरिसक्तछन्, पुरुषको के भर छ कङ्गा ?" (सम, २०६९, पृ. १-२) । राजा उत्तानपाद हुन्जेल सम्पूर्ण शक्ति उनमा केन्द्रित हुने भएकाले खासै समस्या नहुने तर उनको मृत्युपछि ज्येष्ठ पुत्र राजा हुने सत्य स्थापित भइसकेको हुनाले सुरुचिलाई यसले पोल्छ । उनी उत्तम राजा होस् भन्ने चाहन्छिन् र राजालाई आफ्नो अनुकूल बनाउँछिन् । उत्तमलाई

राजकाज दिलाउनमा ध्रुव बाधक हो भन्ने कुरा उनी यसरी व्यक्त गर्छिन् : “अहिले ध्रुव मेरो आँखाको कसिँगर छ, किन भन्छ्यौ, कङ्गा ? त्यो हकदार हो,” (पृ. २) । ध्रुव राजगद्दीको हकदार भएकाले सुरुचिले राजाबाट प्रभुत्व प्राप्त गर्न चाहेकी हुन् । दरबारका सबै कुरामा पूरापूर मेरो हक हुनुपर्छ भन्ने उनको मनशाय देखिन्छ । अतः दरबारमा राजाको आडमा सुरुचिले प्रभुत्व कायम गरेर ध्रुव र सुनीतिलाई जङ्गल पठाई एकछत्र उत्तमलाई राज्य दिलाउन चाहेको देखिन्छ। राजाको अनुमोदन पाएर दरबारमा सुरुचि प्रभुत्वशाली भएकी छन् । ध्रुव र सौता सुनीतिलाई जङ्गल पठाउनु नै उनको प्रभुत्व हो, त्यसै कारण ध्रुवले त्यस प्रभुत्वको विकल्प खोजेका हुन् ।

## ३.२ ध्रुव नाटकमा प्रतिरोध

‘प्रतिरोध’ भनेको प्रभुत्वशाली वर्गले गरेका अन्यायको विरोध, प्रतिवाद, अवज्ञा, विद्रोह आदिको समष्टि हो । *ध्रुव* नाटकमा नायक ध्रुवले अहिंसक रणनीति अवलम्बन गरी नैतिक बललाई बढावा दिएर परिवर्तन सिर्जना गर्ने लक्ष्य राखेको देखिन्छ । दरबारमा राजा कान्छी रानी सुरुचिको प्रभावमा परेर निर्णय दिने भएकाले जेठी रानी सुनीतिको कुनै हैकम चल्दैन । सुनीतिको नामअनुसारकै व्यवहार देखिन्छ । उनले ध्रुवलाई पनि नीति र नैतिक बलकै पाठ पढाएकी छन् । नाटकमा सुनीतिभन्दा सुरुचि राजाको निकट भएकाले बढी प्रभुत्वशाली देखिएकी छन् । उनले उत्तमलाई राजकाज दिलाई प्रभुत्व कायम राख्न सुनीति र ध्रुवलाई जङ्गल खेदिसकेकी छन् । यति हुँदा पनि राजाले फेरि ध्रुवलाई नै ताज पहिराउने हुन् कि भन्ने शङ्का उनमा रहेबाट उनी आफ्नो प्रभुत्व कायम हुनेमा ढुक्क देखिन्नन् । दरबारमा उनी सर्वप्रभुत्वशाली छन् र उनको प्रभुत्वको तागत भनेको राजाको उनीप्रतिको अन्धप्रेम हो । राजाको यस भनाइबाटै यो कुरा प्रस्ट हुन्छ : “होस् सुनीति पतिव्रता मेरी सुरुचिको पत्नीव्रत मै हुँ,” (पृ. ७) । यसले राजा कान्छी रानीका कठपुतली हुन् भन्ने सिधै देखाउँछ । सुरुचिले छोरा उत्तमलाई राजाले के खान्छस्, के लाउँछस् भन्ने सोधनी गरे “राज खान्छु, ताज लाउँछु” (पृ. ३-४) भन्नु भनी सिकाउनु तर उत्तमले कुनै पर्वाह नगरी “म खानेकुरा मागूँ” भन्नु रानीको सत्तास्वार्थ हो भने उत्तमको निर्दोषिता हो । मन्त्री दमनले सत्यको पक्षमा वकालत गर्नु र राजा विवेकहीन हुनुहुँदैन भनेर सम्झाउनु अनि सुरुचिका कुराको तुरुन्तै प्रतिवाद गर्नु दरबारिया उत्पीडनको शिष्ट प्रतिरोध हो । उनले राजासँग ध्रुव र सुनीतिलाई जङ्गलबाट फर्काउन रुँदै बिन्ती गर्नु र नन्दनले पनि उनलाई साथ दिनुबाट दरबारमा २/३ जनको प्रतिरोधी समूह नै बनेको देखिन्छ तर सुरुचिको प्रेमजालमा परिसकेका राजाबाट कुनै सुनुवाइ नहुनुले प्रभुत्वशाली समूहले दमनकारी राज्यसञ्चालन गर्ने नीति लिएको बुझिन्छ ।

सुरुचिले ध्रुव राजा भइहाल्यो भने उत्तमको अवस्था के होला भनी राजालाई बेलिविस्तार लाउँदै “मलाई के, म ता मेरा प्रभुको साथ मर्दछु, तर उत्तम यो बाँच्ला ध्रुवको राज्यकालमा, ऊ राजा यो प्रजा होला, ऊ धनाढ्य गरिब यो, धन्दा ऊ राज्यको गर्ला, यो गर्ला पेटभित्रको, ऊ चन्द्र सूर्य नक्षेत्र गन्ला, आकाशका सधैँ, यो गन्ला खेतका धान एक एक गरी गरी” (पृ. ११) भन्नु नियम मिचेर उत्तमलाई राजा बनाउनुपर्छ भन्ने आग्रह हो । नियम मिच्दा नै प्रतिरोधको अवस्था आउँछ र *ध्रुव* नाटकमा त्यो आएको छ। सुरुचिको मनसाय बुझेका दमनले, ध्रुव र सुनीतिकै पक्ष लिई सुरुचिसँग प्रतिवाद गर्छन्, प्रतिरोध गर्छन् । सुरुचिले “व्यर्थमा यसरी हाम्रो कार्यमा विघ्न पार्दछौ, के तिमी डर मान्दैनौ ?” भनी आफ्नो प्रभुत्वशक्तिको प्रदर्शन गर्दा दमनले “मिथ्याको डर मान्दछु” (पृ. १३) भनी आफ्नो प्रतिरोधी चेतना देखाउँछन् । यसरी ध्रुवको पक्षमा सुरुचिसँग प्रतिरोध गर्दा पनि दमनको केही नलाग्नुले दरबारमा प्रभुत्वशाली शक्तिको पूर्ण पकड रहेछ भन्ने बुझ्न सकिन्छ । ध्रुवले जङ्गलबाट आँप लिएर दरबारमा आई उत्तमलाई दिन खोज्दा सुरुचिले “सुनीतिले पठाएको विष हो” भनेर खान नदिनु तर दमनले भने “म त्यो आँप खाइदिऊँ” भन्नु अनि सुरुचिले “सर्पको विष सर्पलाई नलागोस्”

भन्नु प्रतिरोधको अर्को राम्रो दृष्टान्त हो । ध्रुवले उत्तमलाई “भाइ मसँग वन हिँड” भन्दा सुरुचि “कुकुर, उत्तम तँसँग हिड्छ” भनेर प्रश्न गर्दै उत्तमलाई राजाको काखमा राखिदिनु प्रभुत्वशाली समूहले गरेको दमनको पराकाष्ठा नै हो । ध्रुवले तुरुन्तै प्रतिवाद गरी “म कुकुर भए पनि बुबाकै छोरो हुँ” भन्दै उनी राजाको अर्को काखमा बस्नु र सुरुचिले “वानर, तँ सुनको रुख चढ्छस्” भनेर झम्टिनुचाहिँ प्रभुत्व र प्रतिरोधका बीचको भयानक द्वन्द्वको स्थिति हो । यहाँ पाँचबर्से बालकमा समले साँच्चै सशक्त प्रतिरोधी चेतना उमारेका छन् । कान्छी आमा र बुबाको व्यवहारप्रति उनले तुरुन्तै “किन भाइ बस्नुहुन्छ म बस्नु हुँदैन अझ ऊभन्दा म दुब्लो छु ?” (पृ. १४) भनेर प्रतिक्रिया दिनु अनि अझ अहम्का साथ “मेरी मुमा जेठी, म जेठो” (पृ. १५) भन्दै बुबाको काख र राज्यभोगमा आमा र आफ्नो अधिकार पहिलो हो भन्ने दावी गर्नु ध्रुवको साहसिक प्रतिरोधी क्षमता हो, प्रतिरोधको उत्कर्ष हो । उनी बुबाको कायरपनलाई यसरी व्यक्त गर्छन् : “बुझेँ कान्छी मुमाको डरले मलाई लिन सकिबक्सन्न । मलाई यसरी फ्याँक्न मन थियो भने किन म गर्भमा छँदै मुमाको पेट चिरिबक्सिएन ? म जन्मे पनि किन भोकै राखेर मारिबक्सिएन, म बिरामी हुँदा किन वैद्य बोलाइबक्स्यो ? किन उही बेला मलाई ओछ्यानमा सड्न दिइबक्सिएन ?” (पृ. १५-१६) । यसरी ध्रुवले तत्काल प्रतिरोध गर्दा पनि राजा निरुत्तर हुनु भनेको दरबारमा कान्छी रानी सुरुचिको दबदबा वा प्रभुत्वप्रति राजाबाट भएको मौन समर्थन हो । यति हुँदा पनि ध्रुवको बुबाप्रतिको श्रद्धा कायमै छ । यस कुरालाई ध्रुवले दमनसँग भनेको यस वाक्यले पुष्टि गर्छ : “म उहाँको छोरो होइन रहेछु, तैपनि उहाँ मेरा बुबा” (पृ. १६) । कान्छी पत्नी ल्याएपछि सबै पुरुष यस्तै हुन्छन् भन्ने दृष्टान्त दिँदै, यहाँ राजाले जतिसुकै चेपे पनि सुरुचिको प्रभुत्वमाथि दमनले चुनौती दिएका छन् र सुरुचिको कुरा मानेका छैनन् । यसबाट *ध्रुव* नाटकका ध्रुव र दमन पात्रमा सशक्त प्रतिरोधी चेतना छ भन्ने कुरा बुझ्न सकिन्छ । सुरुचिले दमनमाथि पूरै प्रभुत्व कायम राख्न नसक्नु दमनमा रहेको सत्यको पक्षधरता हो, प्रतिरोधी चेतनाको शक्ति हो र प्रतिरोधबाट परिवर्तन हुने सङ्केत पनि हो । सुरुचिको भाषा छुद्र छ । दमन भने शिष्ट भाषामा प्रतिवाद, प्रतिकार र प्रतिरोध गर्छन् । दमन धर्म नछोड्ने कुरामा दृढ छन् र सुरुचिलाई भन्छन्; “धर्मको राहमा चल्दा डुबूँ, चाहे भष्म हूँ” (पृ. १८) । यो प्रतिरोधको सशक्त नमुना हो । यसरी *ध्रुव* नाटकमा सुरुचि र राजा उत्तानपादका चरित्रबाट प्रभुत्वको प्रतिबिम्बन भएको छ भने प्रतिरोधी शक्तिको नेतृत्व ध्रुव र दमनले गरेका छन् ।

*ध्रुव* नाटकमा सुनीतिले जतिसुकै दमन गर्दा पनि धैर्य नछोडेबाट विद्रोह, प्रतिशोध, प्रतिरोध व्यक्त नगरेबाट तथा पतिले जे भन्यो त्यही मान्ने र पति भएको ठाउँलाई स्वर्ग ठान्ने गरेबाट उनी पितृसत्ताबाट नियन्त्रित परम्परागत आध्यात्मिक नारी चरित्र हुन् भन्ने स्पष्ट हुन्छ । बालक ध्रुव भने बाबुको काखमा बस्न नपाउनुको पीडा आमालाई यसरी सुनाउँछन् : “के मेरो दोष हो यो जो जन्मेँ हजुरबाट म, या यो हजुरको दोष मलाई जन्म बक्सियो ?” (पृ. २०) । ध्रुवमा यस किसिमको सशक्त विद्रोही चेत छ भने आमा सुनीतिमा आध्यात्मिक विचार छ । सुनीति आफ्नो संयम, धैर्य, सहनशीलताले पनि सौता सुरुचिको क्रोधलाई कुनै प्रभाव पार्न नसकेको कुरा यसरी व्यक्त गर्छिन् : “ऊ बन्छे क्रोधले आगो, म पानी बन्छु तैपनि, त्यो आगो किन निभ्दैन पानी छर्किरहे पनि” (पृ. २१) । यहाँ सुनीतिले शिष्ट व्यवहारद्वारा सुरुचिको आदतमा परिवर्तन होस् भन्ने चाहेको देखिन्छ तर राज्यभोगको लिप्सा र स्वार्थमा डुबेकी सुरुचिमा त्यो सम्भव हुँदैन । यसरी यस नाटकका नारी पात्रमध्ये सुरुचि प्रभुत्वशाली देखिएकी छन् र यसको कारण सुनीतिमा कुनै किसिमको गहन प्रतिरोधी चेतना नहुनु नै हो । सुनीति त अझ ध्रुवलाई नै सहनुपर्छ भन्ने सल्लाह दिन्छिन् । कङ्गा र तोषा दरबारका दासी हुन् । यिनीहरू सुरुचिका आज्ञापालक छन् । कङ्गा केही विवेकी त देखिन्छिन् तर पनि सुरुचिलाई साथ दिने काम मात्र यिनले गरेकी छन् । अतः यस नाटकका नारी पात्रमध्ये सुरुचि प्रभुत्वशाली छन् र मूलतः यिनकै षड्यन्त्रविरुद्ध ध्रुवले नैतिक बलशाली प्रतिरोध गरेका छन् । दमन सत्यको पक्षमा छन्, प्रभुत्वशाली पक्षको आज्ञा अवज्ञा गरेर उनी प्रतिरोधी भएका छन् ।

## ३.३ ध्रुव नाटकमा प्रतिप्रभुत्व

ध्रुव नाटकमा राजाको काखमा आफू पनि बस्न पाउनुपर्ने हक स्थापनाका लागि ध्रुवले गरेको विद्रोह, त्याग र सङ्घर्षलाई प्रतिप्रभुत्वको यात्रा मान्न सकिन्छ। विजय र पराजयको प्रक्रियाले पछि परेका वर्ग र समूहबाट प्रतिप्रभुत्वको अवस्था निर्माण हुन्छ (भट्टराई, २०७०, पृ. ३४४)। यहाँ सुरुचिको षढ्यन्त्रले जङ्गल खेदिनु ध्रुवको पराजय हो भने शक्ति, प्रभुत्व र नेतृत्वका साथ सहमतिमा दरबार फर्कनु उनको विजय हो, प्रतिप्रभुत्व हो। उनले क्रान्ति, विद्रोह, अवज्ञा आदि भन्दा भिन्न मार्ग अवलम्बन गरेर हक प्राप्त गर्ने सुनीतिको सल्लाहलाई स्विकार्नु, सुनीतिले सबै समस्याको समाधान नारायण हुन् भन्दै ध्रुवलाई सहने सल्लाह मात्र दिनु, नारायणबाट शक्ति प्राप्त हुने कुरा आमा सुनीतिबाट थाहा भएपछि ध्रुवमा नारायणको दर्शन पाउने इच्छा जाग्नु र दृढ सङ्कल्पका साथ त्यता लागी जुनसुकै सर्तमा पनि नारायणको दर्शन गरिछाड्ने र कान्छी आमाको चुक्ली उनैलाई लाउने अठोट लिनु भनेको कुनै पनि कुराको प्राप्तिका लागि त्याग र सङ्कल्प चाहिन्छ भन्ने कुराको प्रमाण हो। ध्रुव कति दृढ छ भने आमाले उसलाई रोक्नै सक्तिनन्। प्रतिप्रभुत्व स्थापनाका लागि दृढता ठुलो हतियार हो भन्ने कुरा यसले पुष्टि गर्छ। जङ्गलका बाघभालु, आँधीहुरी केहीबाट पनि नडराउनु, ती सबैलाई एकै वाक्यमा यसरी उत्तर दिनु "डराऊ त्यसदेखिन् जो देखेर डर भाग्दछ" (पृ. २६) ले ध्रुवको दृढ सङ्कल्पलाई सङ्केत गर्छ। उसको इच्छाशक्ति कति बलियो छ भने नारदले "तिमी सानै छौ, कलिलै छौ, तिमीलाई नदेख्दा आमा दुःखी हुन्छिन्" भनेर फर्काउन खोज्दा पनि ध्रुव मान्दैन। उसको दृढता यस्तो छ : "आँखा अर्को म खोजेर नपाएमा कतै पनि, आफ्ना पनि दुवै आँखा उनैलाई चढाउँछु" (पृ. २९)। परिवर्तनकारी शक्तिमा यति दृढता त चाहिन्छ नै। सङ्कल्प लिनु र त्यसलाई पूरा गरिछाड्नु नै सफलता हो। यस नाटकमा ध्रुवले जुन सङ्कल्प लिएको छ, त्यो पूरा गरेरै छाडेको छ। यो नै प्रतिप्रभुत्वको ठोस आधार हो।

ध्रुवको दृढताले नारद पग्लनु र उसलाई तपस्याको विधि सिकाउनु अनि नारदबाट ज्ञान पाएपछि ध्रुवले वैराग्यभाव लिई तपस्यामा लीन भएर अन्ततः नारायणको दर्शन प्राप्त गर्नु दरबारका प्रभुत्वशाली शक्तिका लागि परिस्थितिले सिर्जना गरेको ठुलो चुनौती हो। उता नारायणबाट यस माटामा मनुष्यनायक बन्ने र परलोकमा ध्रुव तारा बनेर अटल बन्ने वरदान प्राप्त गर्नु प्रतिप्रभुत्वको प्रकटन हो भने यता नारदले दरबारमा आएर राजालाई सम्झाउनु र राजाले पनि "महामुनि मैले बिराएँ" भनी पछुताउँदै "भूलको बदला दिन्छु ध्रुवलाई म राज्य यो" (पृ. ४४) भन्नु प्रभुत्वशाली समूहले गरेको पश्चात्तापबोध हो। नारदबाट ध्रुवले ध्रुवलोकको साम्राज्य पाएको कुरा थाहा पाएपछि राजाले आफैँ पुत्रलाई लिन जानका लागि रथ तयार गर्न लगाउनु, सुरुचिले उत्तमको अधिकार खोसिने डरले राजालाई गृहस्थाश्रम किन उल्ट्याउने भनी प्रश्न गर्नु र राजाले सुरुचिसँग ध्रुवलाई भेटन भन्नुले परिस्थिति उल्टिएको सङ्केत गर्छ। सुरुचिले "पतिमा प्रेम र सौतामा घृणा साथसाथै हुर्कन्छ" भन्दा राजाले उनलाई "तिमी मनको सतहमा धर्म लिप" भनेर आज्ञा दिएका छन्। यसले राज्य सञ्चालनको आधार पाप होइन नीति र धर्म हुनुपर्छ भन्ने कुरा सिकाएको छ। ध्रुव आउँदा सुरुचिले उनलाई अर्कै देख्नु र उही ध्रुव किन यस्तो पवित्र देखिन्छ भन्दै अङ्कमाल गर्नु अनौठो संयोग हो। अन्ततः सुरुचिले ध्रुवलाई समातेर "अब मैले ध्रुवलाई लिएँ र यसको बदला हजूरलाई उत्तमलाई दिएँ" (पृ. ५२) भन्नु अनि अन्त्यमा दमनलाई "तिम्रो कुरा सत्य लाग्यो" भन्नु प्रभुत्वको शिष्ट हस्तान्तरण हो। सबैले ध्रुवको जयजयकार गर्नु, अन्ततः ध्रुव आफ्नो प्रतिरोधी एवं प्रतिप्रभुत्ववादी शक्तिबाट वर्चस्वशाली बन्नु र उनले आमालाई पनि स्थापित गराउनु जस्ता कथानकीय घट्नाक्रमबाट यहाँ प्रतिप्रभुत्ववादी विचार स्थापित भएको छ। सुरुचिले ध्रुव र सुनीतिमाथि दमन गरी स्थापना गरेको वर्चस्व यसरी प्रतिस्थापित हुन पुगेको छ अनि ध्रुवले प्रतिप्रभुत्ववादी प्रस्ताव यसरी अघि सारेको छः

अब सारा मिली जाऔँ, महानन्दी सबै बनी
मेलको शस्त्रले काटौँ छोटो दिन भए पनि,
रिस छोडौँ सधैँ देखौँ दयाको सपना सुती
धर्म-ढाल लिई रोकौँ पाप-वाणहरू जति,
चुत्थो विचार पोखेर उच्चले मन यो भरौँ
खाली ठाउँ जता मिल्छ त्यता अमृत नै छरौँ
शान्ति वैकुण्ठको सम्झौँ, बिर्सौँ संसारको रण,
पहिले मुख्य मानेर श्री नारायणको गुण । (पृ. ५३)

*ध्रुव* नाटकको सर्वाधिक महत्त्वपूर्ण पक्ष भनेको हिंसा र ठुलो विग्रहबिना दुष्कर्मको पराजय अनि सत्कर्म र नैतिकताको विजय हो । यहाँ ध्रुवले राज्यसञ्चालनको सङ्कथन नै परिवर्तन गरिदिएको छ, जुन नैतिक मूल्यअनुरूप छ । राज्यसञ्चालनका लागि सुरुचिका माध्यमबाट गरिएको उपेक्षा, दमन, उत्पीडन र बहिष्कारवादी नीतिलाई ध्रुवको सहयोग, सद्भाव, मेलमिलाप, उदार र समावेशी नीतिले परास्त गरिदिएपछि यहाँ प्रतिप्रभुत्ववादी शक्ति स्थापित भएको छ । सुरुचिले लिएको बेमेललाई मेलमा, रिसलाई दयामा, पापलाई धर्ममा, चुत्थो विचारलाई उच्च मनमा, खाली ठाउँलाई अमृतमा र रणलाई वैकुण्ठमा रूपान्तरण गरौँ भन्ने आग्रहका साथ ध्रुव प्रभुत्वशाली बनेको छ । यहाँ वर्चस्व शक्ति र हतियारले होइन, विचारले स्थापित हुन्छ भन्ने ग्राम्सीका विचारले पुष्टि पाएको छ । यस नाटकभित्रका सुरुचि र उत्तानपादहरूमा पर्याप्त व्यामोह, मूढता र अज्ञानता हुँदाहुँदै पनि ध्रुव जस्ता मुख्य र स्थिर चरित्रका क्रियाकलापले गर्दा असत् पात्रमा रहेका मूढता, अज्ञानता र व्यामोहको अन्त्य भएको छ र स्वयम् सत्पात्रभित्रका पनि असत्वृत्तिहरू हटी यस नाटकभित्रका द्वन्द्वको समाप्ति वा समायोजन भएको छ (सुवेदी, २०६१, पृ. २६३) । सुवेदीको यस निष्कर्षले पनि ग्राम्सीको प्रभुत्वसम्बन्धी विचारधारालाई पुष्टि गर्न बल पुगेको छ । सुवेदीले अझ के भनेका छन् भने 'सौतासौताबिचको कलहका कारण राजगद्दीको उत्तराधिकारसम्बन्धी विवादका कारण विखण्डन वा सर्वनाशको स्थितिमा पुग्न लागेको राजा उत्तानपादको परिवार वा दरबार सत्पात्रका क्षमाशीलताका कारण र अन्य प्रमुख पात्रहरूको भूलसुधार र प्रायश्चित्तले गर्दा सर्वनाशबाट बचेको छ (२०६१, पृ. २६३) । यसले वर्तमान समाज र राजनीतिलाई राम्रो शिक्षा दिएको छ । प्रभुत्व स्थापनाका लागि कलह, विग्रह, द्वन्द्व र शत्रुताको भन्दा सत्यनिष्ठाको सहारा लिनु उपयुक्त हुने कुरा यसको प्राप्ति हो । यसरी समले यस नाटकमा अलौकिक बुद्धिजीवीको उपयोग गरेर ध्रुवलाई हक दिलाएका छन्, अन्यायी प्रभुत्ववादी शक्तिसंरचनाका विरुद्ध प्रतिप्रभुत्ववादी शक्तिसंरचना स्थापित गरेका छन् ।

## ४. निष्कर्ष

*ध्रुव* नाटकका नायक ध्रुव राज्यको उत्तराधिकारी भएर पनि सीमान्तीकृत चरित्र हुन् । सौतेनी आमाको षड्यन्त्रबाट बाबुको काख पनि खोसिएपछि उनमा प्रतिरोधी चेतना पलाएको छ । तत्काल सौतेनी आमासँग प्रतिरोध गरेर उनी प्रभुत्वको प्राप्तितर्फ अघि बढेका छन् । उनले बाबुसँग पनि विद्रोहको भाव ओकलेका छन् तर दरबारमा उनले झगडा नगरी शिष्ट र अहिंसावादी आचरण नै अवलम्बन गरेका छन् । उनको शान्ति, अहिंसा, सदाचार र सत्यनिष्ठाकी गुरु आमा सुनीति हुन् । ध्रुवलाई ध्यानसाधनाबाट शक्ति आर्जन गर्न सिकाउने गुरु भने अलौकिक चरित्र नारद हुन् । अहिंसा र साधनाबाटै शक्ति आर्जन गर्नु ध्रुवको सामर्थ्य हो । अन्ततः नारदबाट तपस्याको ज्ञान प्राप्त गरी शक्ति आर्जन गरिछाड्नु ध्रुवको सङ्कल्पशक्ति हो । ध्रुवलाई प्रभुत्वशाली बनाउनमा सीमान्तीकृत वर्गका बुद्धिजीवीको जस्तो भूमिका यहाँ नारदको

देखिन्छ । ध्रुवलाई तपस्या गर्न नारदले सिकाए अनि दरबारमा गई ध्रुवकै महिमा गान गाएर उत्तानपादबाट प्रभुत्व हस्तान्तरण नारदले नै गराए । ध्रुवको अन्तिम भनाइबाट नीति, सत्य, सहमति र समावेशी आधारमा राज्यसञ्चालन गरी प्रभुत्व पुनर्स्थापित गर्ने र त्यसलाई कायम राख्ने कुरा बुझ्न सकिन्छ । यहाँ नारदले ध्रुव यस लोकको मात्र होइन परलोकको पनि राजा हो भन्ने बौद्धिक भ्रम सिर्जना गरेर ध्रुवलाई प्रभुत्व दिलाएका छन्, ध्रुव प्रभुत्वशाली भएका छन् । समले समाजबाट बुद्धिजीवी टिपेका भए अथवा नारदले आफैँ बुद्धिजीवीको भूमिका नखेलेका भए, नारायणको वरदानको सट्टा अन्य कथनको उपयोग गरेका भए पौराणिक कथावस्तु बाङ्गिन्थ्यो । समले अहिंसावादी नीतिबाट परिवर्तन र न्याय स्थापना गर्न चाहेकाले केही मौलिकता थपे पनि यसमा तोडमोड नगरेका हुन्, नत्र वर्तमान समाजमा अलौकिक चरित्रका कार्यकलाप र वरदानको सम्भावना दखिँदैन, बरु बुद्ध जस्तै ध्यानबाट प्राप्त ज्ञानका आधारमा परिवर्तन सम्भव देखिन्छ । अतः प्रभुत्व स्थापनाका लागि व्यक्तिले बाह्यभन्दा आन्तरिक शक्ति निर्माणमा लाग्नुपर्ने सन्देश *ध्रुव* नाटकले दिएको छ । पौराणिक कथावस्तुलाई आधुनिक सिद्धान्तका सापेक्षतामा हेर्दा पनि समयसान्दर्भिक देखिनु *ध्रुव* नाटकको शक्ति हो । यसमा व्यक्त अहिंसा, शान्ति, सत्यनिष्ठा, शिष्ट विद्रोह र निरन्तर प्रयासले पनि शक्ति आर्जन गर्न सकिन्छ भन्ने कुरा वर्तमान समाजका लागि समेत मार्गदर्शक छ । यसरी ग्राम्सीको प्रभुत्वसम्बन्धी विचारधाराका आधारमा हेर्दा पनि समको पौराणिक कथावस्तुमा आधारित नाटक *ध्रुव* नेपाली साहित्यको एउटा विशिष्ट प्राप्ति नै हो भन्ने सिद्ध हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* (तेस्रो संस्क.), काठमाडौँ : अक्षर क्रियसन्स् नेपाल ।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

ग्राम्ची, एन्टोनिया (२०७२), 'बुद्धिजीवीको निर्माण', *मार्क्सवादी साहित्यसिद्धान्तका प्रतिनिधिमूलक विचारहरू,* पुष्पराज आचार्य (अनु.), काठमाडौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेश (२०७० असार), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* १९, पृ. ३३४–३६४ ।

वर्मा, विश्वनाथ प्रसाद (सन् १९९८), *पाश्चात्य राजनीतिक विचारधारका इतिहास, जयपुर,* नई दिल्ली, मुम्बई : कलेज बुक डिपो ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सम, बालकृष्ण (२०६९), *ध्रुव,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, देवीप्रसाद (२०६१), *बालकृष्ण समको सुखान्त नाट्यकारिता,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय, कीर्तिपुर ।

Bates,Thomas R. (1975). *Gramsci and the Theory of Hegemony*. Retrieved 22 July and August 16, 2023, from https://jm919846758.files.wordpress.com/2018/08/gramsci-and-the-theory-of-hegemony-thomas-r-bates.pdf

Carroll, William k. (2006, September). *Hegemony, Counter-hegemony, Anti-hegemony*. retrieved July 16, 2023 from (PDF) Hegemony, Counter-hegemony, Anti-hegemony (researchgate.net)

kumar, Niraj (2020, April). *Biography of Antonio Gramsci, Italian philosopher, politician & founder of Italian Communist Party.* Retrieved April 6, 2023 from https://www.youtube.com/watch?v=hZ2H0WoL-

Ryan, Michale (2010). *Cultural Studies a Practical Introduction.* UK: Wiley-Blackwell Publication.